## नेपाल उद्योग वाणिज्य महासंघका नवनियुक्त अध्यक्ष भवानी राणा

नेपाल उद्योग वाणिज्य महासंघको इतिहासमा पहिलो पटक महिला अध्यक्ष नियुक्त हुनु भएको छ ।

महासंघको विधानको छैठौं संशोधनबाट महासंघका वरिष्ठ उपाध्यक्षनै स्वतः अध्यक्ष हुने प्रावधान पश्चात महासंघको ५१ औं वार्षिक साधारण सभाबाट वरिष्ठ उपाध्यक्ष भवानी राणा महासंघको नयां अध्यक्ष बन्नु भएको हो ।

उहां महासंघको इतिहासमा पहिलोपटक महिला अध्यक्ष हुनु भएको छ भने रोलक्रममा महासंघको १८ औं अध्यक्ष हुनुहुन्छ । नवनियुक्त अध्यक्ष राणा यस अघि नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समिति सदस्य, महिला उद्यमी विकास समितिका सभापति, उपाध्यक्ष वरिष्ठ उपाध्यक्ष हुनुहुन्थ्यो । उहांले करिव १४ वर्ष महासंघमा रहेर सेवा गर्नु भएको छ ।

महासंघमा २०६२ सालमा प्रवेश गर्नुभएका नवनियुक्त अध्यक्ष राणा विक्रम सम्वत २०६४-६७ मा पहिलो पटक महिला कार्यकारिणी समिति सदस्यमा निर्वाचित भएर महासंघमा प्रवेश गर्नुभएको थियो ।

पर्यटन व्यवसाय क्षेत्रमा आवद्ध नवनियुक्त अध्यक्ष राणाका मुख्य व्यवसायिक कार्यक्षेत्र बांके र वर्दिया रहेको छ । उहां स्नेहा ग्रुप प्रा.लि.को व्यवस्थापन निर्देशक हुनुहुन्छ । सो ग्रुप अन्तरगत स्नेहा होटल प्रा.लि., स्नेहा ट्राभल्स प्रालि र स्नेहा एग्रो प्राइभेट लिमिटेड रहेका छन् । साथै नव नियुक्त अध्यक्ष राणा स्नेहा कल्चरल ईन्टरटेनमेन्ट प्रा.लि. का निर्देशक, बि एण्ड एस कोलाब्रेसन प्रा लि का व्यवस्थापन निर्देशक, सार्क चेम्बर क्राफ्ट भिलेजका प्रर्वद्धक, पद्म क्रियशन प्रा लि का निर्देशक र बागेश्वरी विकास बैंकका प्रवर्द्धक हुनुहुन्छ । नेपालगंजस्थित होटल स्नेहा प्रा.लि.को व्यवस्थापन निर्देशक, हुनुहुन्छ । उहांको होटल, जंगल सफारी, व्यवसायिक कृषि, पूर्वाधार र उत्पादन मुलक क्षेत्रमा लगानी रहेको छ ।

सेन्ट मेरिज स्कूलबाट विद्यालय शिक्षा लिनु भएकी अध्यक्ष राणाले उच्च शिक्षा भारतको लखनऊ विश्व विद्यालयबाट राजनीतिक शास्त्रमा स्नातकोत्तर हुनुहुन्छ । नवनियुक्त अध्यक्ष

राणा प्रधानमन्त्रीको अध्यक्षतामा गठित लगानी वोर्डको सदस्य एवं महिला उद्यमी महासंघ नेपालका अध्यक्ष समेत हुनुहुन्छ ।

उहां विगतमा नेपाल पर्यटन वर्ष २०११ कार्यान्वयन वोर्डका सदस्य, पर्यटन मन्त्रालय अन्तरगतको तारा गाउं विकास वोर्डको अध्यक्षता समेत गर्नुभएको थियो ।

नवनियुक्त अध्यक्ष राणा आउट स्ट्ण्डीङ ओमन ईन्टर प्रिनियर अवार्ड २०१०, गृह मन्त्रालय बाट सन् २००४ मा प्रदान गरिएको राष्ट्रिय अवार्डबाट विभुषित हुनुको साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुले प्रदान गरेका अवार्डहरुबाट विभुषित हुनुहुन्छ । नवनियुक्त अध्यक्ष राणाले सरकारबाट गठित विभिन्न समिति बोर्डहरुमा सहभागिता जनाई राष्ट्रिय निती कानूनहरुमा निमार्णमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको छ ।